मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २२५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं १४ गते आइतबार ❑ 30 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## भोटेकोशी बाढी: शव पहिचानमा समस्या

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भदौं

रसुवाको भोटेकोशी नदीमा बुधबार बिहान गएको बाढीमा परी ज्यान गुमाएकाहरूको शव पहिचानमा समस्या देखिएको छ। बिहीबार पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ल्याइएका १०२ शवमध्ये अहिलेसम्म छ शवको मात्र पहिचान भएको जिल्ला प्रहरी कार्यालय, कास्कीका प्रहरी उपरीक्षक नवीन कार्कीले जानकारी दिनुभयो।

कतिपय शव क्षतविक्षत भएकाले चिन्नै नसिकिने अवस्थामा रहेको उहाँको भनाइ छ । "पहिचान भएका शव आवश्यक कानुनी प्रकृया पूरा गरी आफन्तलाई हस्तान्तरण गर्न सुरु गरिएको छ", उहाँले भन्नुभयो, "पहिचान हुन नसकेका शवलाई पहिचान हुन नसकेका तथा बेवारिसे शव व्यवस्थापन निर्देशिका अनुसार व्यवस्थापनको काम गर्छौं।"

पहिचान हुन नसकेका शवको डिएनए परीक्षणका लागि नमुना काठमाडौं पठाइने प्रहरी उपरीक्षक कार्कीले बताउनुभयो। प्रतिष्ठानमा ल्याइएकामध्ये नौ शवलाई मणिपाल शिक्षण अस्पतालमा राखिएको उहाँको भनाइ छ । नवलपुर, गोरखा, धादिङ र तनहुँमा भेटिएका शव पहिचान तथा परीक्षणका लागि बिहीबार पोखरा ल्याइएको थियो । शव पहिचानका लागि तस्बिर स्क्रिनमा राखेर आफन्तलाई हेर्ने व्यवस्था मिलाइएको छ । आफन्तहरू तस्बिर हेरेर शव पहिचान गर्ने प्रयासमा छन् । प्रमुख जिल्ला अधिकारी कुमानसिँह गुरुङले शव खोजीमा आएका आफन्तहरूलाई खाना र बासको व्यवस्था मिलाइएको बताउनुभयो । शव पहिचानका लागि अस्पताल परिसरमा सहायता कक्ष पनि राखिएको छ । "आफन्तहरू शवको खोजी र पहिचानका लागि ठाउँठाउँबाट आइरहनुभएको छ", प्रजिअ गुरुङले भन्नुभयो, "बाढीले बगाएर शव विभिन्न जिल्लामा पुर्‍याएका कारण शव पहिचान नै जटिल बन्दै गएको छ।"

धेरै दिनसम्म पनि शव पहिचान हुन नसकी आफन्तलाई बुझाउन नसकिएमा कानुनी व्यवस्थाअनुसार पोखरामै समाधिस्त गरिने उहाँको भनाइ छ । त्रिशुली र नारायणी नदी किनारमा भेटिएका शवलाई सम्बन्धित जिल्लामा राख्न र परीक्षण गर्न स्थान अभाव भएपछि पोखरा ल्याइएको हो । नवलपुरबाट ४१, धादिङबाट २७, तनहुँबाट २३ र गोरखाबाट ११ शव पहिचान तथा परीक्षणका लागि पोखरा ल्याइएको थियो ।



पोखरामा ताया मचाः नृत्य प्रस्तुत : पोखराको नयाँबजारमा शनिबार गाईजात्रा पर्वका अवसरमा नेवारी समुदायमा लोकप्रिय ताया मचाः नृत्यु प्रस्तुत गर्दै नयाँबजार सांस्कृतिक समूहका कलाकार। पोखरामा यो नृत्यको सुरुआत विसं १९४० को दशकदेखि सुरु भएको मानिन्छ। तस्बिरः कृष्ण दवाडी/रासस

## पोखराको भेल पानीले बगाउँदा आमा-छोरीको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भदौं

पोखराको सडक नालीमा आएको भेल पानीले बगाउँदा एकै परिवारका आमा-छोरीको मृत्यु भएको छ।

पोखरा महानगरपालिका-१७, हर्क चोकमा शुक्रबार दिउँसो भएको घटनामा पोखरा-३० ढुङ्गेपाटन बस्ने २६ वर्षीया सुष्मा दाहाल र उनकी २ वर्षीया छोरी रानीका दाहालको मृत्यु भएको कास्की प्रहरीले जनाएको छ।

शुक्रबार दिउँसो करिब ४ बजे बिरौटाबाट पृथ्वीचोकतर्फ आउँदै गरेको ग १३ प २८५९ नम्बरको स्कुटर हर्क चोकमा साइड लगाएर ओर्लने क्रममा सडक नालीबाट आएको तीव्र भेलले उहाँहरुलाई बगाएको स्थानियले बताउनुभयो। स्कुटर सुष्माका श्रीमान् ३० वर्षीय कमल दाहालले चलाउनु भएको थियो । वर्षाका कारण सडकमा पानीको बहाव बढेपछि स्कुटर साइड लगाएर ओर्लने क्रममा सुरुमा २ वर्षीया छोरी रानीकालाई भेलले बगाएको र छोरीलाई समाउने क्रममा सुष्मा पनि भेलमा बगेको हुन सक्ने प्रहरीले प्रारम्भिक रुपमा जनाएको छ।

घटनाको सूचना प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय बैदामका प्रहरी नायब उपरीक्षक (डीएसपी) सूर्यबहादुर बोगटीको कमाण्डमा २१ जनाको प्रहरी टोली घटनास्थल पुगेको थियो । प्रहरी र स्थानीयवासीको संयुक्त प्रयासमा आमा-छोरीलाई पोखरा-१७ बिरौटास्थित नहर कुलोबाट साँझ ४ बजेर २३ मिनेटमा उद्धार गरिएको थियो । डीएसपी बोगटीका अनुसार उद्धार गरिएका दुवै जनाको शरीरमा बाहिरी चोट खासै देखिएको थिएन, तर अवस्था गम्भीर थियो । उद्धारलगत्तै उहाँहरूलाई उपचारका लागि गण्डकी मेडिकल कलेज पठाइएको थियो । अस्पतालमा उपचारकै क्रममा सुष्माको शुक्रबार राति ९ बजेर ४० मिनेटमा मृत्यु भएको अस्पताल स्रोतले जनाएको छ। उहाँकी २ वर्षीया छोरी रानीकाको भने शनिबार बिहान १:२१ बजे उपचारकै क्रममा मृत्यु भएको अस्पताल श्रोतले जनाएको छ। दुबै जनाको शव हाल अस्पतामा रहेको प्रहरीले जनाएको छ । घटनामा स्कुटर चालक कमल दाहाल पनि सामान्य घाइते हुनु भएको छ । पोखरामा वर्षायाममा सडक तथा नालीबाट आउने तीव्र भेलका कारण यसअघि पनि मानवीय क्षति भएको छ।

पर्याप्त पानी निकासको व्यवस्थापन नहुँदा सडकमा जम्मा हुने पानी नाली हुँदै एक्कासी तीव्र गतिमा बग्दा जोखिम बढ्ने गरेको स्थानीयवासीले बताउनु हुन्छ । यस घटनाले पोखराका सडक, नाली तथा पानी निकास प्रणालीको व्यवस्थापन र वर्षाको समयमा हुने सम्भावित जोखिम न्यूनीकरणमा गम्भीर ध्यान दिनुपर्ने आवश्यकता रहेको स्थानिय सनत बरालले बताउनु भयो।

## चितवनमा सङ्कलित शव जमिनमुनि गाडिने

**रासस**
चितवन, १३ भदौं



रसुवाको भोटेकोशी बाढीमा मृत्यु भई बगेर चितवनसम्म पुगेका शव जमिनमुनि गाडिने भएको छ।

जिल्ला प्रशासन कार्यालयमा आज बसेको जिल्ला सुरक्षा समितिको बैठकले शवहरू दुर्गन्धित बन्दै गएपछि सङ्क्रमण फैलिन नदिन शव जमिनमुनि गाड्ने निर्णय गरेको हो।

जिल्लामा नारायणी र त्रिशूली नदी किनारबाट सङ्कलित २३३ शवमध्ये चार वटाको मात्रै पहिचान भएको छ भने बाँकी २२९ शव होल्डिङ सेन्टर तथा विभिन्न स्वास्थ्य संस्थामा राखिएका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जानकारी दिनुभयो । उहाँका अनुसार प्रशासनका अनुसार होल्डिङ सेन्टर, स्वास्थ्य संस्थाहरू तथा नदी तटबाट सङ्कलन गरिएका शव र शवका अवशेषहरू सड्न थालेका छन्। तीमध्ये केही शव अब पहिचान गर्न नसकिने अवस्थामा पुगेका छन्।

तत्कालीन व्यवस्थापकीय प्रबन्धमार्फत राखिएका शवहरू दुर्गन्धित बन्दै गएपछि स्वास्थ्य सङ्क्रमण तथा महामारी फैलिन सक्ने जोखिम रहेको स्वास्थ्य

बाँकी अन्तिम पृष्ठमा ▶▶

## भोटेकोशी बाढी: ६६९ जनाको शव फेला, दुई हजार ३०१ जनाको उद्धार

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भदौं

भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीमा परी मृत्यु हुनेको सङ्ख्या ६६९ पुगेको छ। नेपाल प्रहरीले बाढी प्रभावित क्षेत्रबाट शनिबार साँझ ४ बजेसम्म ६६९ जनाको शव फेला परेको जनाएको हो । प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार रसुवामा १३, धादिङमा ४९, नुवाकोटमा ४१, गोरखामा ५४, तनहुँमा ३१, चितवनमा २४८, नवलपरासी पूर्वमा १५८ र नवलपरासी पश्चिममा ७५ जनाको शव फेला परेको छ।

नेपाल प्रहरीका प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक (डिआइजी) अविनारायण काफ्लेका अनुसार बाढी प्रभावित क्षेत्रबाट हालसम्म दुई हजार ३०१ जनाको उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये रसुवाका ६७६, नुवाकोटका एक हजार ६२२ र धादिङका तीन जना रहेका छन् ।

विभिन्न स्थानबाट उद्धार गरिएका गम्भीर घाइतलाई थप उपचारका लागि काठमाडौं ल्याइएको छ । प्रहरीका अनुसार काठमाडौंका विभिन्न अस्पतालमा उपचाररत तथा उपचारपछि डिस्चार्ज भएका गरी हालसम्म १४० जना रहेका छन् ।

रसुवा बाढीपछि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका केही कर्मचारीसमेत सम्पर्कविहीन भएका छन्। प्रहरीका अनुसार नेपाली सेनाका ४४, नेपाल प्रहरीका २७ र सशस्त्र प्रहरी बल, नेपालका १३ जना कर्मचारी अझै सम्पर्कविहीन छन् ।

बाढी प्रभावित क्षेत्रमा बेपत्ताको खोजी तथा उद्धार कार्यलाई तीव्र पारिएको प्रहरीले जनाएको छ। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाललगायत सम्बन्धित निकायका सुरक्षाकर्मी तथा उद्धार टोलीले सम्भावित जोखिमयुक्त क्षेत्रमा खोजी तथा उद्धार कार्य जारी राखेका छन् ।


बाढीका कारण प्रभावित क्षेत्रमा मानवीय तथा भौतिक क्षतिको विवरण सङ्कलनसँगै बेपत्ताको खोजी र उद्धारलाई प्राथमिकतामा राखिएको प्रहरीले जनाएको छ।

### बाढी र डुबान हुनुपूर्वको तयारी

- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- बर्षायाममा सधैं मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौ, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखराको पुरानो टुँडिखेलमा हुने तीज महोत्सव स्थगित

पोखरापत्र संवाददाता
पोखरा, १३ भदौ

नेपाली महिलाहरूको महान् पर्व हरितालिका तीजको अवसरमा पोखरा महानगरपालिका-१ स्थित पुरानो टुँडिखेलमा आयोजना हुने भनिएको ऐतिहासिक टुँडिखेल तीज महोत्सव-२०८३ स्थगित गरिएको छ।

इन्द्रेणी एकीकृत विकास केन्द्र, पोखरा-१ को आयोजनामा भदौ २५ देखि ३१ गतेसम्म सञ्चालन गर्ने तय भएको महोत्सव यस वर्षका लागि स्थगित गरिएको हो। 'हाम्रो संस्कृति, हाम्रो पहिचान, लोपोन्मुख संस्कृति जोगाउने हाम्रो अभियान' भन्ने मूल उद्देश्यका साथ पोखराको ऐतिहासिक स्थल पुरानो टुँडिखेलमा आयोजना गर्न लागिएको महोत्सव तीन दिनअघि भोटेकोशी नदीमा आएको बाढीका कारण स्थगित गरिएको हो।

बाढीका कारण ठूलो मानवीय तथा भौतिक क्षति हुनुका साथै देश नै शोकमग्न र दुःखद परिस्थितिबाट गुज्रिरहेको वर्तमान अवस्थालाई मध्यनजर गर्दै महोत्सव स्थगित गर्ने निर्णय गरिएको आयोजक केन्द्रका अध्यक्ष भानुभक्त अधिकारीले जानकारी दिए। केन्द्रले शनिबार आयोजना गरेको समीक्षा तथा छलफलपछि तीज महोत्सव हाललाई स्थगित गर्ने निर्णय गरेको अध्यक्ष अधिकारीले बताए। "हामीले प्रत्येक वर्ष नेपाली नारीहरूको महान् पर्व हरितालिका तीजको पावन अवसरमा हाम्रो मौलिक संस्कृति, परम्परा, कला तथा लोपोन्मुख संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यका साथ यस महोत्सवलाई निरन्तरता दिँदै आएका छौँ। यस वर्ष पनि सोही उद्देश्यअनुरुप महोत्सवको तयारी अघि बढाइएको थियो।

तर, देशमा उत्पन्न यस दुःखद र संवेदनशील परिस्थितिमा उत्सवमय कार्यक्रम सञ्चालन गर्नु उपयुक्त नहुने निष्कर्षसहित महोत्सव स्थगित गर्ने निर्णय गरिएको हो," अध्यक्ष अधिकारीले भने। केन्द्रले प्राकृतिक विपत्तिबाट ज्यान गुमाउने सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गरेको छ साथै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सबै पक्ष एकजुट भएर अघि बढ्नुपर्ने आवश्यकता रहेको जनाएको छ। शनिबार आयोजना गरेको समीक्षा तथा छलफलपछि प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा एक लाख रुपैयाँ जम्मा गर्ने निर्णय समेत गरेको छ। केन्द्रसँगै केन्द्रको कार्यसमिति, आजीवन तथा साधारण सदस्यहरूबाट संकलन गरिएको रकम कोषमा जम्मा गर्ने निर्णय भएको केन्द्रका सचिव दुर्गा अधिकारीले जानकारी दिए।

# सहाराको 'समर हाइकिङ फर च्यारिटी'बाट ६ लाख बचत

पोखरापत्र संवाददाता
पोखरा, १३ भदौ

सामाजिक उत्तरदायित्व र खेलकुद विकासलाई सँगसँगै अघि बढाउँदै आएको सहारा क्लब पोखराले आयोजना गरेको 'समर हाइकिङ फर च्यारिटी'बाट ६ लाख रुपैयाँ बचत गर्न सफल भएको छ।

क्लबले हाइकिङबाट बचत भएको रकम पोखरा-१७ दोबिल्लामा सञ्चालित सूर्यबहादुर केसी स्मृति सहारा आवासीय फुटबल एकेडेमीमा आश्रित बालकहरूको शिक्षा, स्वास्थ्य, खानपान तथा फुटबल प्रशिक्षणमा खर्च गर्ने जनाएको छ। गत साउन ३० गते पोखरा महानगरपालिका-९, फल्चा (महेन्द्रपुल) देखि काहुँडाँडासम्म आयोजना गरिएको एकदिने हाइकिङबाट कुल १० लाख ३६ हजार ४ सय ३० रुपैयाँ आम्दानी भएको क्लबले शनिबार पोखरामा आय-व्यय सार्वजनिक गरेको हो। कार्यक्रम संयोजक पूर्णबहादुर गुरुङले सहारा एकेडेमीको सञ्चालनमा उक्त रकम उपयोग गरिने बताउनु भयो। "हाइकिङबाट प्राप्त बचत रकम सहारा एकेडेमीका बालकहरूको शिक्षा, स्वास्थ्य, खानपान र फुटबल प्रशिक्षणमा खर्च गरिनेछ," गुरुङले भन्नुभयो, "कार्यक्रम सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबैप्रति क्लब आभारी छ।"

यसैबीच, भोटेकोशी नदीमा आएको बाढीबाट भएको जनधनको क्षतिप्रति सहारा क्लब पोखराले दुःख व्यक्त गर्दै बाढीपीडितका लागि ५० हजार रुपैयाँ सहयोग गर्ने घोषणा गरेको छ। क्लबका कोषाध्यक्ष लिलबहादुर थापा मगरले हाइकिङबाट बचत भएको रकममध्ये ५० हजार रुपैयाँ नेपाल सरकारको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिने बताउनुभयो। उहाँका अनुसार क्लबका पदाधिकारी, सदस्य, सल्लाहकार, पूर्वअध्यक्ष तथा शुभेच्छुकबाट समेत थप रकम संकलन भइरहेको छ। संकलित रकम समेत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिने थापा मगरले जानकारी दिनुभयो। बाढीमा परी ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली व्यक्त गर्दै क्लबले शोकसन्तप्त परिवारजनप्रति समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ। विपद्को यस कठिन समयमा उद्धार, राहत तथा पुनःस्थापनाका लागि सबैले आ-आफ्नो तर्फबाट सहयोग गर्न क्लबले अपिल समेत गरेको छ।

हाइकिङ कार्यक्रम सफल बनाउन पोखरा महानगरपालिका-९ ले २ लाख, तमु धिं यूकेले २ लाख, सहारा यूकेले १ लाख २३ हजार ९ सय ३० एन्फा कास्कीबाट ५० हजार लगायत विभिन्न संघसंस्था, एवं व्यक्तिहरूबाट सहयोग प्राप्त भएको क्लबले जनाएको छ। क्लबका अध्यक्ष केशबबहादुर थापाले सहारा क्लब पोखराले खेलकुदसँगै सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै आएको बताउनुभयो। सहारा क्लबको पुरानो भवनसहितको कार्यालयसमेत अहिले सहारा एकेडेमीमै रहेको र क्लबको नियमित आम्दानी पर्याप्त नभएको अवस्थामा एकेडेमीको सञ्चालन खर्च जुटाउनु चुनौतीपूर्ण रहेको उहाँले बताउनुभयो। अध्यक्ष थापाका अनुसार एकेडेमी सञ्चालनका लागि वार्षिक करिब ५० लाख रुपैयाँ खर्च हुने गरेको छ। "एकेडेमीमा आश्रित बालकहरूको शिक्षा, स्वास्थ्य, खानपान र फुटबल प्रशिक्षण निरन्तर सञ्चालन गर्न ठूलो रकम आवश्यक पर्छ। क्लबको नियमित आम्दानीबाट मात्रै यो खर्च व्यवस्थापन गर्न कठिन छ," उहाँले भन्नुभयो।

# 'भोटेकोशी बाढी प्रभावित क्षेत्रमा सङ्क्रमणको जोखिम बढ्न सक्छ' चितवनमा ...

रासस
चितवन, १३ भदौ

चिकित्सकले भोटेकोशी बाढी प्रभावित क्षेत्रमा समय बित्दै गएसँगै सङ्क्रमणको जोखिम बढ्न सक्ने भन्दै आवश्यक सतर्कता अपनाउन आग्रह गरेका छन्।

अब विस्तारै मृत्यु भएका मानिस तथा जनवारको शरीर कुहिन थाल्ने र यसले दुर्गन्ध तथा रोग फैलाउन सक्ने भन्दै सतर्क रहन चिकित्सहरूले सबैलाई आग्रह गरेका हुन्। सङ्क्रामक रोग विशेषज्ञ डा शेरबहादुर पुनले भोटेकोशी बाढीबाट प्रभावित क्षेत्रमा उद्धार तथा राहतसँगै स्वास्थ्य सुरक्षालाई पनि प्राथमिकतामा राख्नुपर्ने बताउनुभएको छ। बाढीपछि समय बित्दै जाँदा दूषित पानी, असुरक्षित खानपान, फोहरमैला तथा लामखुट्टेको वृद्धि हुने हुँदा सोही कारण विभिन्न प्रकारका सङ्क्रमण फैलिन सक्ने भन्दै उहाँले यसतर्फ सबै सचेत बन्नुपर्नेमा जोड दिनुभयो। "समय बित्दै जाँदा शवहरू कुहिने सम्भावना अत्यधिक रहन्छ। यसले सङ्क्रमणको जोखिम बढ्न सक्छ। दूषित पानी र असुरक्षित खानपानकाकारणभाडापखाला, ज्वरोलगायत स्वास्थ्य समस्या देखिन सक्छन्। ब्याक्टेरिया वा भाइरसबाट विभिन्न सङ्क्रमण हुनसक्छ", डा पुनले भन्नुभयो। बाढीबाट बाँचेका तथा विस्थापित भएका नागरिकमा आगामी दिनमा भाडापखाला, ज्वरोलगायत स्वास्थ्य समस्या देखिन सक्ने भएकाले यसतर्फ समयमै सबै सचेत बन्नुपर्ने उहाँको भनाइ छ।

बाढीको पानी र त्यसपछि जम्मा भएको फोहर तथा दूषित पानी वातावरणमा मिसिएर ब्याक्टेरिया र भाइरसको सङ्क्रमण फैलिने जोखिम बढी हुने डा पुनले बताउनुभयो। बाढीका कारण विस्थापित परिवारलाई सुरक्षित खानपानको व्यवस्था गर्न चुनौती हुने भएकाले यसतर्फ सरकारले विशेष ध्यान दिनुपर्ने उहाँको सुझाव छ। "विस्थापित अवस्थामा खानपान व्यवस्थापन गर्न चुनौतीपूर्ण हुन्छ। सुरक्षित पानी र खाना नपाउँदा भाडापखाला तथा टाइफाइडको जोखिम बढ्न सक्छ। पानी जम्ने ठाउँ बढेसँगै लामखुट्टे पनि बढ्न सक्छन् र सङ्क्रमणको जोखिम थपिन सक्छ", उहाँले भन्नुभयो, "बाढीबाट प्रभावित मानिसले घर, सम्पत्ति र आफन्त गुमाएको अवस्थामा उहाँहरूलाई स्वास्थ्य सुरक्षाका सबै उपाय अपनाउन आग्रह गर्नु व्यवहारिक रूपमा कठिन हुन भए पनि उपलब्ध स्रोतबाट सुरक्षित खानेपानी र सफा खानाको व्यवस्था गर्नु अत्यावश्यक छ।"

क्षेत्रका विज्ञहरूको रायअनुसार जिल्ला सुरक्षा समितिको बैठकले शव जमिनमुनि गाडिने निर्णय गरेको प्रजिअ अर्यालले बताउनुभयो। प्रशासनले पहिचान नभएका र बेवारिसे शवलाई सम्मानजनक, सुरक्षित तथा कानुनी रूपमा व्यवस्थापन गरिने जनाएको छ। प्रशासनद्वारा आज जारी सूचनामा भनिएको छ, "सम्भावित सङ्क्रमणको जोखिमबाट बच्न बाध्यात्मक विकल्पका रूपमा जिल्ला सुरक्षा समिति चितवनको आजको निर्णयअनुसार 'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३' बमोजिम ती शवको जमिनमा व्यवस्थापन गर्ने निर्णय गरेको छ।" निर्णयअनुसार सबै शवको डिएनए नमुना सङ्कलन गरी सङ्केत नम्बरका आधारमा अभिलेख राखिनेछ। त्यसपछि आजदेखिभरतपुरमहानगरपालिका-१ देवघाटस्थित खुला स्थानमा शव व्यवस्थापन गरिने प्रशासनले जनाएको छ। जिल्ला प्रशासन कार्यालयले शोकको यस विषम परिस्थितिमा प्रस्तुत निर्णयलाई सकारात्मक रूपमा लिँदै सहयोग, समन्वय तथा सूचना सम्प्रेषण गरिदिन सम्बन्धित सबैसँग आग्रह गरेको छ। असाधारण परिस्थितिबाट सिर्जित अवस्थाका कारण पीडित परिवारलाई पर्न गएको असुविधाप्रति प्रशासनले क्षमायाचनासमेत गरेको छ।

# गोरखामा भेटिएका २९ शवको अन्त्येष्टि गरियो

पोखरापत्र संवाददाता
गोरखा, १३ भदौ



भोटेकोशीमा बुधबार गएको बाढीले बगाएर त्रिशूली नदीको गोरखातर्फको बगरमा ल्याएका शवको अन्त्येष्टि गरिएको छ। प्रशासन कार्यालयले जिल्लामा हालसम्म फेला परेका ५५ शवमध्ये २९ वटाको अन्त्येष्टि गरेको जानकारी दिएको छ।

पहिचान खुल्न नसक्ने, शरीरका विभिन्न अङ्गहरूको अन्त्येष्टि गरेको प्रमुख जिल्ला अधिकारी तुलसीप्रसाद श्रेष्ठले बताउनुभयो। "गोरखामा शवगृहको अभाव छ। दैनिक शव फेला पर्नेक्रम बढ्दै गएपछि व्यवस्थापनका लागि पहिचान खुल्न नसक्ने शव अन्त्येष्टि गरेका हौँ", उहाँले भन्नुभयो। उक्त शवबाट आवश्यक डिएनए स्याम्पल लिएर अन्त्येष्टि गरेको उहाँले जानकारी दिनुभयो। पर्याप्त व्यवस्थित शवगृह नहुँदा शव बिग्रने, गन्हाउने र रोगसमेत फैलने हुँदा व्यवस्थापनका लागि अन्त्येष्टि गर्नु परेको उहाँले बताउनुभयो।

प्रजिअ श्रेष्ठका अनुसार गोरखामा २३ वटा पहिचान खुल्नसक्ने सग्लो शव भेटिएका छन्। हालसम्म फेला परेका सग्ला शवमध्ये ११ वटा पोखरा पठाइएको छ। बाँकी शव भने प्रदेश अस्पताल गोरखा एवं एनपिआइ गोरखा अस्पतालको शवगृहमा राखिएको र केही शव अस्पतालसम्म आइपुग्दै छन्।

जिल्ला प्रहरी कार्यालयले २९ वटा शवको सहिदलखन गाउँपालिका-९ बुङ्कोटघाटस्थित बूढीगण्डकीकोकिनारमा अन्त्येष्टि गरेको छ। प्रहरीले केन्द्रबाट प्राप्त कार्यविधिअनुसार गाडेर शवको अन्त्येष्टि गरिएको जनाएको छ।

# पोखरामा पाल्पाको लाखे नाच देखाइने

पोखरापत्र संवाददाता
शनिबार, १३ भदौ




पाल्पाको ऐतिहासिक लाखे नाच पोखरामा यस वर्ष पनि अवलोकन गर्न पाइने भएको छ। सिटिजन फर्निचर आयोजना एवं पाल्पाली समाज पोखराको व्यवस्थापनमा भदौ १४ गते (आइतबार) नाच देखाउने तयारी छ।

पाल्पा र पोखराबीच कला, संस्कृतिको आदानप्रदान गर्ने उद्देश्यले तेस्रो संस्करणको रुपमा उक्त कार्यक्रम गर्न लागिएको सिटिजन फर्निचरका संचालक युवा व्यवसायी दीपक कार्कीले बताए। यो कार्यक्रम मनोरञ्जनात्मकभन्दा पनि सांस्कृतिक महत्वको रुपमा नियमित कार्यक्रमअन्तर्गत देखाउन लागिएको उनले प्रस्ट पारे। लाखे नाच हेर्न आउने दर्शकलाई भैरवस्थान मन्दिरको रोट, टीका, प्रसादसहित पाल्पाली परम्परागत परिकार बटुक र चुकाउनीले स्वागत गरिनेछ।

पाल्पाको रिब्दीकोट गाउँपालिकास्थित भीमसेन गुठी भैरवस्थान, हटियाको लाखे नाचका लागि कलाकार टोली आइतबार दिउँसोसम्म यहाँ आइपुग्नेछ। पाल्पाली समाज पोखराका अध्यक्ष श्रीधर पराजुलीले यसबाट पाल्पा र पोखराबीच साँस्कृतिक आदानप्रदानसँगै पर्यटन प्रवर्द्धनमा टेवा मिल्ने बताए।

न्यूरोडस्थित सिटिजन फर्निचरको आँगनमा आइतबार राति ७ देखि १२ बजेसम्म लाखे नाच देखाइने पाल्पाली समाज पोखराका सचिव पदमप्रसाद पोखरेलले बताए। यो नाचको ऐतिहासिक र सांस्कृतिक महत्व रहेको कार्यक्रम संयोजक श्यामनाथ कुँवरले बताए।

शनिबार नेवारी समुदायले गाईजात्रा अवसरमा पोखरामा पनि मृत्युभएका घरपरिवारका सदस्यको स्मरणमा गाईजात्रा निकाले। केहीले तायः मचाः नृत्य प्रस्तुत गरे। लाखे नाचमा पनि भोटेकोशी बाढीमा ज्यान गुमाएहरुको स्मरण गरिनेछ।

पाल्पाली राजा मणिमुकुन्द सेनले राज्य बिस्तारक्रममा काठमाडौं आक्रमण गर्दा त्यहाँको कला संस्कृतिबाट प्रभावित भएपछि पाल्पामा पनि नेवार समुदायका विभिन्न जात्रा एवं पर्वको प्रचलन भित्राएको किंबदन्ती छ। उनले युद्ध जितेपश्चात् मछिन्द्रनाथको पटाङ्गिनीमा रहेको भैरव मूर्तिलगायत केही कलासंस्कृति एवं काष्ठकलामा निपूर्ण नेवार समुदायलाई पनि सँगै पाल्पा लिएर आएका थिए। ५०० वर्ष पुरानो इतिहास बोकेको उक्त नाच तानसेन एवं भैरवस्थानमा नेवार समुदायबाट गुठी स्थापना गरी चलनचल्ती सुरु गरेको पाइन्छ। पाल्पाको लाखे नाच अन्य ठाउँको तुलनामा बाजाको ताल, नाच्ने कलामा फरक पाइन्छ।

# सरकारले स्रोतको कुनै कमी हुन दिँदैन: अर्थमन्त्री वाग्ले

रासस
काठमाडौं, १३ भदौ

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले बाढी प्रभावित क्षेत्रको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सरकारले स्रोतको कुनै कमी हुन नदिने बताउनुभएको छ।

नुवाकोट सदरमुकाममा जिल्ला समन्वय समितिले शनिबार आयोजना गरेको सर्वपक्षीय छलफलका क्रममा उहाँले उद्धार, राहत सामग्री वितरण र शव व्यवस्थापन अहिले सरकारको मुल मुद्दा रहेको बताउनुभयो। "राहत सामग्री वितरणलाई न्यायोचित ढङ्गले वास्तविक पीडितसम्म पुर्‍याउने काममा तीनै तहको सरकारले समन्वय गर्न जरुरी छ", उहाँले भन्नुभयो, "शव व्यवस्थापन राजनीतिक दलहरूको सर्वस्वीकार्य सहमतिमा गरिन्छ। राज्यले स्रोतको कुनै कमी हुन दिँदैन।" अर्थमन्त्री वाग्लेले बाढीका कारण सम्पर्क विच्छेद भएका प्रमुख दुई/तीन वटा स्थानमा तुरुन्तै बेलिब्रिज राखिनेसमेत बताउनुभयो। त्यसैगरी, सोही छलफलमा सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले भोटेकोशीमा हाले आएको बाढी कल्पनाभन्दा बढी शक्तिशाली भएकाले अहिले राज्यको पूरै शक्ति यहीँ केन्द्रित भएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "आजसम्म जुन स्तरमा काम भइरहेको छ, राज्यको पूरै शक्ति यहीँ केन्द्रित भएकाले मात्र यति सम्भव भएको हो।" उहाँले तीनै तहको सरकारले स्वतःस्फूर्त रुपमा काम गरिरहेको बताउनुभयो।

हिजोसम्म उद्धारलाई प्राथमिकता दिएकामा आजदेखि शव सङ्कलनमा जोड दिएको उहाँले जानकारी दिनुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४३११९०६, ९८१३६७७०६
छाला तथा यौन रोगहरुका लागि
पाइल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

डा. विनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्बे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पाइल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र इन्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पित्तास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# दलहरुको अन्तर्राष्ट्रिय क्षेत्रलाई सकारात्मक सन्देश

रसुवाको भोटेकोशीमा आएको बाढीबाट प्रभावितको उद्धार, राहत, पुनर्स्थापना तथा पुनर्निर्माणका लागि नेपालका राजनीतिक दलका नेताहरूले अन्तर्राष्ट्रिय समुदायसँग प्राविधिक र आर्थिक सहयोगको अपिल गरेका छन् । विगतमा भएका विपद्‌बाट पाठ सिकेर देश एकताबद्ध भएको सन्देश दिन दलहरूले अपिल गरेका हुन । रास्वपा सभापति रवि लामिछानेको आह्वानमा बिहीबार सिंहदरबारमा बसेको सर्वदलीय बैठकपछि ८ राजनीतिक दलका नेताहरूले अन्तर ीष्ट्रिय समुदायलाई सहयोगका लागि सामूहिक अपील गरेका हुन् ।

‘अकल्पनीय क्षतिपछिको उद्धार, राहत, पुनर्स्थापना तथा पुनर्निर्माणमा आवश्यक मानवीय, प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन संयुक्त राष्ट्रसंघ, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, मित्र राष्ट्र तथा प्रवासी नेपाली समुदाय लगायतलाई अपिल गर्दछौं,’ दलका नेताहरूले जारी गरेको विज्ञप्तिमा लेखिएको छ । विपद्‌का बेला अनियमित हुन नपाओस र अन्तर्राष्ट्रिय क्षेत्रमा नकारात्मक सन्देश जान नदिन पनि अपिल गरिएको हुन सक्छ । यो अपिलमा रास्वपा सभापति रवि लामिछाने, कांग्रेस सभापति गगन थापा, नेकपा संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल, एमाले महासचिव शंकर पोखरेल, श्रम संस्कृति पार्टीका सांसद ध्रुव राई, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, जसपा अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका चन्दन सिंहले हस्ताक्षर गरेका छन ।

राजनीतिक दलहरूले जलवायु परिवर्तनका कारण यस्तो दुर्घटना भएको भन्दै त्यसको उत्तरदायित्व विश्वव्यापी हुनुपर्ने उल्लेख छ । जलवायु परिवर्तन हुनुमा नेपालको नगन्य योगदान रहेको भए पनि असर भने नेपाललाई ठूलो पर्दै गएको नेताहरूको ठहर छ । हिमालय क्षेत्रमा बस्फोट र अस्वाभाविक बाढीको शृंखला विश्वव्यापी जलवायु परिवर्तनको प्रत्यक्ष असर हो, । जसमा नेपालको योगदान नगण्य छ, सर्वदलीय बैठकपछि जारी विज्ञप्तिमा लेखिएको छ, । नेपालले भोगिरहेका यस्ता हानि र नोक्सानीको विषयलाई अन्तर्राष्ट्रिय मञ्चहरूमा सशक्त रूपमा उठान गर्दै, जलवायु न्यायको सिद्धान्त अनुरुप अन्तर्राष्ट्रिय समुदाय र बहुपक्षीय विकास साझेदारहरूलाई दायित्वबोध गराउन सरकारलाई आग्रह गर्दछौं । सरकारले गर्नुपर्ने काम दलले गर्नु सरकारलाई दलहरूलाई साथमा लिएर चल्न दबाब पनि हो ।

विपद्‌को बेला हुने पुन निर्माणमा अनियमित र पक्षधरको आरोप लाग्छ । सरकारलाई अबगालबाट बचाउन बाढीले प्रभावित क्षेत्रको पुनर्निर्माणका लागि संसदीय संयन्त्र बनाउने निर्णय सर्वदलीय बैठकले गरेको छ । सर्वदलीय बैठकले दीर्घकालीन पुनर्निर्माणका लागि संसदीय संयन्त्र बनाउने निर्णय गरेको छ । बैठकले संसदीय समिति गठन गर्ने निर्णय गरेको छ । ‘विपद् व्यवस्थापन, पुनर्निर्माण र जोखिम न्यूनीकरणका लागि कार्यहरूलाई अल्पकालीन राहत र प्रतिक्रियामा मात्र सीमित नराखी दिगो र दीर्घकालीन समाधान खोज्नु नितान्त आवश्यक छ,’ सर्वदलीय बैठकको निर्णयम छ,।’ तसर्थ, विपद् पछिको पुनर्निर्माण, जलवायु अनुकूलन, राष्ट्रिय विपद् नीतिमा समयानुकूल सुधार र सरकारका कामकारबाहीलाई निरन्तर सल्लाह, सहयोग र अनुगमन गर्न संसदीय समिति गठन गर्न हामी सहमत भएका छौं । यो दलहरूबीच उन्नत विचार हो। यो देखाउन नहोस । कार्यान्वयन हुन सके राम्रो नजीर बन्नेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# टप एन्ड टी-२० सिरिजः भिक्टोरियासँग नेपाल पराजित

**रासस**
काठमाडौं, १३ भदौं

अष्ट्रेलियामा जारी टप एन्ड टी-२० सिरिजअन्तर्गत भिक्टोरिया सिए-११ सँग नेपाल एक विकेटले पराजित भएको छ ।

शनिबार सम्पन्न आफ्नो छैटौं खेलमा नेपालले दिएको १४३ रनको लक्ष्य भिक्टोरियाले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर पूरा गर्‍यो । उसका लागि टम रोजर्सले २१ बलमा चार चौका र एक छक्कासहित सर्वाधिक ३६ रन बनाए । नेपालका लागि बलिङतर्फ कुशल भुर्तेल र युवराज खत्रीले २/२ तथा आकाश चन्दले १ विकेट लिए ।

त्यसअघि टस जितेर ब्याटिङ रोजेको नेपाल ‘ए’ ले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १४२ रन बनायो । नेपालका लागि कुशल भुर्तेलले सानदार पारी खेले । उनले ५६ बलमा छ चौका र पाँच छक्कासहित अविजित ९० रनको पारी खेलेका हुन् । जारी प्रतियोगितामा कुशलको यो लगातार तेस्रो अर्धशतकीय इनिङ हो । यस्तै, आज दीपक डुम्रेले १६ रन जोडे । बाँकी ब्याटरले भने दोहोरो अङ्कमा रन जोड्न सकेनन् । भिक्टोरियाका लागि कलुम स्टो र ह्यारी होकेत्राले सर्वाधिक २/२ विकेट लिए । यसपाली प्रतियोगितामा ६ खेल खेलेको नेपालले चार खेलमा हार तथा दुई खेलमा जित दर्ता गर्‍यो । नेपालले पहिलो खेलमा नर्दन टेरिटोरी स्ट्राइकविरुद्ध आठ विकेट तथा दोस्रो खेलमा बङ्गलादेश हाइपरफर्मेन्स-११ विरुद्ध नौ विकेटको पराजय व्यहोरेको थियो । यस्तै, नेपालले तेस्रो खेलमा होबार्ट हरिकेन्स एकेडेमीलाई ३९ रन तथा चौथो खेलमा अष्ट्रेलियन क्यापिटल टेरिटोरी (एसिटी)लाई चार विकेटले हराएको थियो । पाँचौं खेलमा भने नेपाली टोली हैदरावाद किङ्समेन एकेडेमीविरुद्ध ३१ रनले पराजित भएको थियो ।

# विभिन्न कार्यक्रम गरी देशभर मनाइयो गाईजात्रा

**रासस**
काठमाडौं, १३ भदौं

प्रत्येक वर्ष भाद्र कृष्ण प्रतिपदाका दिनदेखि आठ दिन अर्थात् अष्टमीसम्म मनाइने गाईजात्रा पर्व उपत्यका लगायत देशभरका मुख्य सहरमा दिवङ्गत भएका आफन्तको सम्झनामा विभिन्न कार्यक्रम गरी मनाइएको छ ।

गाईजात्राको भोलिपल्ट बौद्धमा र त्यसको पर्सीपल्ट जयवागीश्वरीमा रोपाइँजात्रा मनाउने गरिन्छ । गाईजात्राको भोलिपल्ट जयवागेश्वरीमा खड्ग जात्रा मनाउने गरिएको छ । यसैगरी अन्य स्थानमा विभिन्न नामले गाईजात्रा मनाउने गरिन्छ । भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म मनाइने यो पर्व मल्लकालेखि सुरु भएको हो ।

एक वर्षदेखि दिवङ्गत भएका आफन्तको सम्झनामा आज गाई वा मानिसलाई गाईका रूपमा सिँगारी परिक्रमा गराएर दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान गरी मनाइएको छ । गाईजात्राका अवसरमा उपत्यकाका विभिन्न स्थानमा सांस्कृतिक झाँकी र साज सज्जाका साथ गाईको भेषमा बालबालिकाको ज्याली निकालिएको थियो । यस्तो झाँकी हेर्न सडकको दायाँ बायाँ हजारौं नरनारी भेला भएका थिए । भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म आठदिन परम्परागत सांस्कृतिक उत्सव ‘गाईजात्रा’ मनाइन्छ । मृत्यु भएकाको सम्झनामा नगरपरिक्रमा गर्नाले गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वास छ । राजाप्रताप मल्लले पुत्रशोकले विह्वल भएकी आफ्नी रानीलाई दुनियाँले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन “जनतालाई आ-आफ्नो मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली सहर परिक्रमा गराउनू”, भनी आज्ञा दिएको ऐतिहासिक तथ्य छ । यतिले पनि रानीको मन शान्त हुन नसकेपछि विभिन्न प्रकारका प्रहसन तथा व्यङ्ग्यात्मक कार्यक्रम गराउने आदेश दिएअनुरूप जात्राको प्रचलन चलेको हो भन्ने जन श्रुति पाइन्छ ।

यसै बेलादेखि प्रचलनमा आएको गाईजात्रा हनुमानढोकास्थित राजप्रासाद भएर जानुपर्ने प्रथा अहिले पनि कायमै छ । देशका विभिन्न शहरमा गाईजात्रा मनाइने भए पनि उपत्यकामा यसको विशेष रौनकता हुन्छ । भाद्र कृष्ण अष्टमीका दिनसम्म मनाइने यस पर्वका क्रममा प्रहसन, सामाजिक विकृतिप्रति व्यङ्ग्यात्मक प्रदर्शन, नाचगान तथा मृत व्यक्तिको सम्झनामा रामायणको करुण रसका गीतहरू पनि गाइन्छन् । जात्राका क्रममा पाटनमा देखाइने सत्य युगको धान, चामलको नमूना, काठमाडौंको ठमेलमा देखाइने स्वर्ण तथा रजताक्षरमा लेखिएका पुस्तकहरू विशेष दर्शनीय मानिन्छन् । आजभोलि गाईजात्राकाअवसरमासमाजमा विद्यमान विकृति र विसङ्गति उजागर गर्न सार्वजनिकरूपमा मनोरञ्जनात्मक तथा व्यङ्ग्यात्मक ढङ्गले विविध कार्यक्रमको आयोजना गरिन्छ । पत्रपत्रिकामा पनि सामाजिक कुरीतिलाई समेटेर हास्यव्यङ्ग्य अङ्क प्रकाशित हुने गरेको छ । यस वर्ष भने भोटेकोशी बाढीका कारण धेरैको निधन भएकाले हास्य व्यङ्ग्यात्मक कार्यक्रम नगरी सांस्कृतिक रूपमा मात्र यो पर्व मनाइएको छ । यो पर्व काठमाडौं उपत्यकालगायत बनेपा, धुलिखेल, पनौती, बाह्रविसे, त्रिशूली, दोलखा, खोटाङ, भोजपुर, चैनपुर, इलाम, धरान, विराटनगर, वीरगञ्ज, हेटौंडा र पोखरालगायत सहरमा पनि मनाइन्छ । गाईजात्राका अवसरमा काठमाडौं उपत्यकामा सार्वजनिक बिदा दिने गरिएकामा यो वर्ष भने शनिबारको सार्वजनिक बिदाकै दिन गाईजात्रा परेको छ ।

# पुजारीले चिच्चाएर बर मागिदिने ‘खयरभरानी’

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ भदौं

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ मा रहेको ‘खयरभरानी’ तालमा पुजारीले चिच्चाएर बर मागिदिने चलन रहेको छ ।

समुन्द्रि सतहदेखि चार हजार ६५० मिटर उचाइमा अन्नपूर्ण हिमालको फेदीमा रहेको खयरभारानी तालमा र थानमा हरेक वर्षको जनै पुर्णिमा पर्वको अवसरमा चिच्याएर बर मागिदिने मेला लाग्ने गर्छ । यस वर्षको मेलामा पनि म्याग्दीका साथै पर्वत, बागलुङ, कास्की र काठमाडौंलगायत देशका विभिन्न ठाउँबाट पुजाआजाका लागि भक्तजन आएका खयरभारानी क्षेत्र संरक्षण समितिका संरक्षक राजु पुनले बताउनुभयो । “परापुर्व कालदेखिनै ताल परिसरको थानभित्र बस्ने पुरुष पाडे (पुजारी)लाई भक्तजनले नाम, बर माग्ने विषय जानकारी गराउने, चिच्याएर खयरभारानी मातासँग बर मागिदिने चलन छ,” उहाँले भन्नुभयो “पाउद्धारदेखि खयरभारानी तालसम्म पर्ने खोपारा र ढोकाधारीको थानमा पनि पुरुष पुजारीले चिच्चाएर बर मागिदिने बर्षौं अघिदेखिको चलन हो ।” खयरभारानी तालमा भाकल गरेमा सन्तान प्राप्ती, शिक्षा, रोजगारीमा सफलता, सम्पत्ती आर्जन हुने जनविश्वास रहेको पाउद्धार गाउँका ७५ वर्षी रुद्रबहादुर मगरले बताउनुभयो । भाकल गरेको पुरा भएपछि भेडाको साड र बोका बली चढाउने चलन छ ।

अन्नपूर्ण गाउँपालिका-४ नारच्याङका माइलन पुनले खयरभारानीमा भाकल गरेको पुरा भएपछि पुजा गर्न आएको बताउनुभयो ।

बेनीकी धनकुमारी पुर्जाले खयरभारानी दर्शन गरेपछि मनोकाक्षा पुरा भएकाले पछिल्ला तीन वर्ष लगातार पुजाआजा गर्न आएको बताउनुभयो । पोखराकी विष्णु जिसीले मनोकांक्षा पुरा हुने विश्वासका साथ खयरभारानी दर्शनका लागि आएको बताउनुभयो ।

यसपाली करिब एक जना जना भक्तजनले खयरभारानीमा पुजाआजा गरेका समितिले जनाएको छ । पाउद्धार गाउँदेखि दुई दिनको पैदलयात्रापछि खयरभारानी ताल पुगिन्छ । बस्तिदेखि टाढा रहेको खयरभारानी दर्शनका लागि खोपारामा पाउद्धार पर्यटन सहकारी संस्था र खयरखोलामा समितिले भक्तजनलाई आवास र खानाको सुविधा दिएका थिए । सामुदायिक लज र टहरामा नअटाएका भक्तजन भेडा गोठालाले सञ्चालन गरेको ‘गोठस्टे’मा पनि बास बसेर खयरभारानी दर्शन गरेर फर्किएका छन् । तालको क्षेत्रफल १० हजार वर्गमिटर छ । तालको छेवैमा खयरभारानी थान रहेको छ । पर्यटकीय स्थल खोप्रबाट करिब सात घण्टाको पैदल यात्रापछि खयर तालमा पुग्न सकिन्छ । अन्नपूर्ण र बराह शिखर हिमालको फेदीमा रहेको खयरभारानी ताल परिसरदेखि धौलागिरि हिमालको दृष्य अवलोकन गर्न सकिन्छ । स्थानीयबासीले दिवंगत आफन्तको स्मृतिमा कालीगण्डकी किनारको घारखोलादेखि पाउद्धार खोपारा, खयरखोला हुँदै खयरभारानी तालसम्म करिब २७ किलोमिटर ढुङ्गाको सिढीसहितको पदमार्ग, खानेपानी र आश्रयस्थल बनाएका छन् । दाताबाट रु एक करोड ८० लाख जुटाएर पूर्वाधार निर्माण गरेको जानकारी दिँदै संरक्षक पुनले सरकारी निकायबाट पनि सहयोगको अपेक्षा गरेको बताउनुभयो ।

# लाइन काटेर दुई करोडभन्दा बढी विद्युत् बक्यौता असुल

**पोखरापत्र संवाददाता**
दमौली, १३ भदौं

नेपाल विद्युत् प्राधिकरण तनहुँ वितरण केन्द्रले विद्युत् महसुल नबुझाउने ग्राहकको लाइन काटेर आर्थिक वर्ष २०८२/८३ मा रु दुई करोड दुई लाख ८३ हजार एक सय चार बक्यौता रकम असुल गरेको छ ।

सो अवधिमा रु दुई करोड ५७ लाख ८८ हजार दुई सय ८० विद्युत् महसुल उठ्न बाँकी रहेकामा महसुल बुझाएपछि सात सय ९४ ग्राहकको विद्युत् लाइन पुनः जडान गरिएको केन्द्रका इन्जिनियर डिलबहादुर आलेले जानकारी दिनुभयो । केन्द्रले आर्थिक वर्ष २०८१/८२ मा विद्युत् लाइन काटेर रु एक करोड २७ लाख १५ हजार सात सय ८६ तथा आर्थिक वर्ष २०८०/८१ मा एक हजार चार सय ३६ ग्राहकको लाइन काटेर रु दुई करोड ६८ लाख ४५ हजार सात सय बक्यौता रकम असुल गरेको थियो । आर्थिक वर्ष २०८२/८३ मा ८७ करोड ७६ लाख १३ हजार सात सय ८७ युनिट विद्युत् बिक्री गरेको छ ।

विद्युत् बिक्रीबाट रु एक अर्ब एक करोड ११ लाख १२ हजार एक सय २६ आम्दानी भएको इन्जिनियर आलेले बताउनुभयो । सो अवधिमा एक हजार आठ सय ९५ नयाँ मिटर जडान गरिएको छ । ४९ वटा ट्रान्सफर्मर जलेपछि नयाँ ट्रान्सफर्मर जडान गरिएको तथा १० वटा नयाँ लोड सेन्टर थप गरिएको छ । वितरण केन्द्रअन्तर्गत छ वटा सबस्टेसन, ३० वटा ११ केभी फिडर, १०७ किलोमिटर ३३ केभी लाइन, ९३९ किलोमिटर ११ केभी लाइन, चार हजार तीन सय २८ किलोमिटर ०.४/०.२३ केभी वितरण लाइन तथा ६७३ वटा ट्रान्सफर्मर छन् ।वितरण केन्द्रले तनहुँका १० स्थानीय तह, कास्कीको रुपा गाउँपालिकाका वडा नं ३ र ४ का केही भाग, लमजुङको मध्यनेपाल नगरपालिकाका वडा नं १, २, ३, ४ र ५ तथा नवलपुरको बौदीकाली र बुलिङटार गाउँपालिकाका केही भागमा सेवा प्रवाह गर्दै आएको छ । वितरण केन्द्रमा स्थायी ६०, दैनिक ज्यालादारी ३७, सेवा करार ३४, गोटागन्ती १९ र सुरक्षाकर्मी २० गरी एक सय ७० जना कार्यरत छन् ।

केन्द्रले ११/०.४ केभीका लाइन विस्तार, मर्मत, सम्भार, सुदृढीकरण तथा स्तरोन्नति, आवश्यकताअनुसार विभिन्न क्षमताका लोड सेन्टर थप, ग्राहकलाई भरपर्दो, गुणस्तरीय र विश्वसनीय विद्युत् आपूर्ति तथा नयाँ मिटर जडान र मिटरसम्बन्धी गुनासो व्यवस्थापन गर्दै आएको छ ।

# दर कार्यक्रमका लागि जुटाइएको रकम बाढी पीडितलाई सहयोग

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ भदौं

म्याग्दीको धवलागिरी गाउँपालिकाका छन्त्याल महिलाहरूले तीज पर्वको अवसरमा दरखाने कार्यक्रमका लागि सङ्कलन गरेको रकम भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि सहयोग गरेका छन् ।

धवलागिरी गाउँपालिका-१ गुर्जा र वडा नम्बर ५ मल्कवाङ घर भई हाल पोखरा बसोबास गर्ने छन्त्याल समुदायका दिदीबहिनीहरूले रु दुई लाख ‘प्रधानमन्त्री राहत तथा उद्धार कोष’मा जम्मा गरेका हुन् ।

गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालमार्फत आज गुर्जाको चौतारे-बङ्गाले र मल्कवाङ-मलम्पारका घरम्जा थरका छन्त्याल दिदीबहिनीहरूले रु एक/एक लाख जम्मा गरेका हुन् । तीजको दरखानका लागि छन्त्याल दिदीबहिनीले जम्मा गरेको रकम सरकारमार्फत बाढी पीडितलाई सहयोग गरेका गुर्जाको चौतारे-बङ्गाले छन्त्याल महिला समूहका लक्ष्मी छन्त्यालले बताउनुभयो ।

“देश विपद्मा परेर रोइरहेको समयमा हामीले रमाइलोका लागि आयोजना गरेको दरखाने कार्यक्रम पनि स्थगित गरेका छौं”, मल्कवाङ-मलम्पार घरब्जा महिला समूहका अध्यक्ष चिनाकुमारी छन्त्यालले भन्नुभयो, “दरखानका लागि सङ्कलन गरेको रकम प्रधानमन्त्री राहत तथा उद्धार कोषमा जम्मा गरेका हौं ।”

# तनहुँमा ड्रोनको सहयोगमा शव खोजिँदै, चार शव भेटिए

**पोखरापत्र संवाददाता**
दमौली, १३ भदौं

रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि तनहुँस्थित त्रिशूली नदीमा खोज तथा उद्धारका क्रममा शनिबार चार वटा शव भेटिएको छ । आँबुखैरेनीमा दुई र देवघाट क्षेत्रमा दुई शव फेला परेको हो ।

फेला परेको शवलाई आवश्यक मुचुल्कासहित प्रदेश अस्पताल दमौलीमा ल्याइएको प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले जानकारी दिनुभयो । त्रिशूली नदी क्षेत्रमा ड्रोनको सहायताबाट पनि शव खोज्ने काम गरिएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, “उद्धार टोली जान नसक्ने स्थानमा ड्रोनबाट हेर्ने काम सुरु गरेका छौं । यसले शव खोज्न सहज हुनेछ ।”

आइतबार चार वटा शव फेलापरेसँगै तनहुँको त्रिशूली नदीबाट ३५ वटा शव निकालिएको छ । त्यसमध्ये ११ वटा शव प्रदेश अस्पताल दमौलीमा राखिएको छ भने २४ वटा शव पोखरा पठाइएको छ । प्रदेश अस्पताल दमौलीमा राखिएका शवको फोटो खिचेर क्युआर कोडबाट हेर्न सकिने व्यवस्था मिलाइएको छ । यसले मृतकका आफन्तलाई शवको पहिचान गर्न सजिलो हुने प्रजिअ तिवारीले बताउनुभयो ।

आइतबार शव व्यवस्थापन जिल्ला समितिको बैठक बसेर आवश्यक निर्णय लिने तयारी गरिएको छ । प्रदेश अस्पताल दमौलीमा राखिएको शवको डिएन परीक्षणकोसमेत तयारी गरिएको प्रजिअ तिवारीले बताउनुभयो ।

